<u>मिति २०७७/२/२३ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ७८/२०७७ का निर्णयहरू:-</u>

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५४/२७१-२०७७/२/२३ को "सशर्त अनुदानका रुपमा स्थानीय तहलाई आयोजना हस्तान्तरण गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५५/२७२-२०७७/२/२३ को "विधेयकको सिद्धान्त र मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
अनुसूचि-१ को स्पष्टीकरणको वुँदा नं. ६ पछि देहायको वुँदा नं. ७. कायम गरी प्रस्तावमा लेखिए वमोजिम गर्नेः-
"७. प्रदेश सरकार (मन्त्रिपरिषद्) ले आवश्यकता र औचित्यताको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३८/२७३-२०७७/२/२३ को "२०७७ सालको सार्वजनिक विदा" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"प्रस्तावमा उल्लेखित श्रीकृष्ण जन्माष्टमी र ओलक (ओल्क्या) संक्रान्तिको विदा हटाई अटवारी र खखडेहरा पर्वमा विदा दिने गरी अन्यको हकमा प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्ताव नं. ३/४७/२७४-२०७७/२/२३ को "सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७६ संसोधन गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-
सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ७ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१.) थप गरिएको छः-
"(क१.) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि आ.व.२०७६/०७७ को हकमा आयोजना कार्यान्वयन गर्ने निकायले आम भेलाका लागि भेला हुने मिति, समय, स्थान र भेलाको विषय खुलाई कम्तीमा ३ (तिन) दिन अगावै स्थानीय तहका वडा कार्यालयमा सूचना टाँसी सोको जानकारी सम्बन्धित जिल्ला समन्वय समितिमा पठाउन वा उपलब्ध भएसम्म वेभसाइट वा स्थानीय स्तरका पत्रपत्रिका वा एफ.एम. रेडियोमा सूचना प्रकाशन गरी सार्वजनिक रुपमा जानकारी गराउन बाधा पर्ने छैन ।"

५. "नेपाल सरकार म.प.को मिति २०७७।२।१२ को वैठकबाट स्वीकृत कोभिड १९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिमा **नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्ययोजना, २०७७** को वुँदा नं. २२ अनुसार क्वारेन्टिन सम्बन्धी समग्र कार्यका लागि प्रदेश सरकारले प्रदेशका माननीय मन्त्री तोक्ने" सम्बन्धी मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयको विविध प्रस्तावमा देहाय बमोजिम गर्नेः-
"**नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी कार्ययोजना, २०७७** को वुँदा नं. २२ अनुसार प्रदेशस्तरमा क्वारेन्टिन सम्बन्धी समग्र कार्यका लागि आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई तोक्ने ।"

६. माननीय मुख्यमन्त्रीज्यूबाट प्रस्तुत भएको विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित मौखिक प्रस्तावहरुका सम्बन्धमा देहाय बमोजिम गर्नेः-

(क) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-१९) रोगको कारण छिमेकी मुलुक भारत लगायत विभिन्न देशहरुबाट नेपाल फर्किएका र नेपालभित्रै समेत विभिन्न स्थानहरुबाट आ-आफ्नो घरठेगानामा फर्की यस प्रदेश भित्रका विभिन्न स्थानीय तहहरुले संचालन गरेका क्वारेन्टिनमा मिति २०७७/२/२० गतेसम्म

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

प्रमुख सचिव

बसिरहेका व्यक्तिहरुको संख्या ५५६२५ जना रहेको, यस प्रदेशमा हालसम्म संक्रमित संख्या ९० जना, कोभिड-१९ को कारण मृत्यु भएको संख्या १ जना रहेको साथै प्रदेश संकट व्यवस्थापन केन्द्र (PCMC) मिति २०७७/२/२० को बैठकबाट जिल्ला प्रशासन कार्यालयले स्थानीय तहको समन्वयमा आवश्यक परेको बखत क्वारेन्टिन र आइसोलेसनका रुपमा प्रयोगमा ल्याउन सकिने सेवाग्राहीको न्यून चाप हुने सरकारी कार्यालयका भवन, वस्तीबाट टाढा रहेका विद्यालय, प्राविधिक शिक्षालय, प्रहरी विद्यालय, तालिम केन्द्र लगायतका सरकारी तथा सामुदायिक भवनहरु एकीन गरी प्रत्येक स्थानीय तहले २०-१०० वेड सम्मको आइसोलेसन वार्ड तयार गर्ने भन्ने निर्णय समेत भएको र दिनानुदिन संक्रमितहरुको संख्या बढिरहेको सन्दर्भमा मिति २०७७/२/२० मा क्वारेन्टिनमा रहेका व्यक्तिहरुको संख्यालाई आधार लिई स्थानीय तहहरुमा आइसोलेसन व्यवस्थापन गर्नका लागि **कोरोना भाइरस (COVID-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष** बाट ८८ वटै स्थानीय तहहरुलाई प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने गरी देहाय बमोजिमको सशर्त अनुदान उपलब्ध गराउने ।

देहाय

| सि.नं. | पालिकाको नाम | जिल्ला | उपलब्ध गराईने रकम रु. |
|---|---|---|---|
| १ | घोडाघोडी न.पा. | कैलाली | २,३५०,००० |
| २ | महाकाली न.पा. | कञ्चनपुर | २,२९५,००० |
| ३ | गोदावरी न.पा. | कैलाली | २,१४०,००० |
| ४ | दिपायल शिलगढी न.पा. | डोटी | १,८७०,००० |
| ५ | लम्कीचुहा न.पा. | कैलाली | १,८६०,००० |
| ६ | शिखर न.पा. | डोटी | १,७३०,००० |
| ७ | गौरीगंगा न.पा. | कैलाली | १,५९०,००० |
| ८ | के.आई सिंह गा.पा | डोटी | १,३३५,००० |
| ९ | नवदुर्गा गा.पा | डडेल्धुरा | १,२९०,००० |
| १० | कृष्णपुर न.पा. | कञ्चनपुर | १,१८५,००० |
| ११ | धनगढी उ.म.न.पा. | कैलाली | १,१८०,००० |
| १२ | भजनी न.पा. | कैलाली | १,१५५,००० |
| १३ | भिमदत्त न.पा. | कञ्चनपुर | १,११५,००० |
| १४ | शुक्लाफाँट न.पा. | कञ्चनपुर | १,११०,००० |
| १५ | त्रिवेणी न.पा. | बाजुरा | १,०७०,००० |
| १६ | टिकापुर न.पा. | कैलाली | १,०४०,००० |
| १७ | वर्दगोरिया गा.पा. | कैलाली | १,०३५,००० |
| १८ | मेल्लेख गा.पा. | अछाम | १,०१५,००० |
| १९ | बुढिगंगा न.पा. | बाजुरा | ९८५,००० |
| २० | पुनर्वास न.पा. | कञ्चनपुर | ९८५,००० |
| २१ | थलारा गा.पा. | बझाङ | ९७०,००० |
| २२ | पञ्चेश्वर गा.पा. | बैतडी | ९३५,००० |
| २३ | परशुराम न.पा. | डडेल्धुरा | ९१०,००० |
| २४ | आदर्श गा.पा. | डोटी | ९१०,००० |

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

२०७७/२/२२

प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| २५ | मेलौली न.पा. | बैतडी | ८८५,००० |
| २६ | शिवनाथ गा.पा. | बैतडी | ८७५,००० |
| २७ | ढकारी गा.पा | अछाम | ८००,००० |
| २८ | बेदकोट न.पा. | कञ्चनपुर | ७९०,००० |
| २९ | मोहन्याल गा.पा | कैलाली | ७८५,००० |
| ३० | बुंगल न.पा. | बझाङ | ७४०,००० |
| ३१ | साँफेवगर न.पा. | अछाम | ७३५,००० |
| ३२ | गन्यापधुरा गा.पा. | डडेल्धुरा | ७२५,००० |
| ३३ | बोगटान फुडसिल गा.पा. | डोटी | ७१५,००० |
| ३४ | खसड छेडेदह गा.पा. | बाजुरा | ७१५,००० |
| ३५ | सायल गा.पा. | डोटी | ६९०,००० |
| ३६ | पुर्वीचौकी गा.पा | डोटी | ६६०,००० |
| ३७ | जानकी गा.पा. | कैलाली | ६५५,००० |
| ३८ | चौरपाटी गा.पा. | अछाम | ६५५,००० |
| ३९ | बान्नीगढी जयगढ गा.पा | अछाम | ६५५,००० |
| ४० | अमरगढि न.पा. | डडेल्धुरा | ६४०,००० |
| ४१ | जोशीपुर गा.पा. | कैलाली | ६३०,००० |
| ४२ | पाटन न.पा. | बैतडी | ६१५,००० |
| ४३ | पुर्चौडी न.पा. | बैतडी | ५८५,००० |
| ४४ | बेलडाडी गा.पा | कञ्चनपुर | ५५०,००० |
| ४५ | दशरथचन्द न.पा. | बैतडी | ५५०,००० |
| ४६ | पञ्चदेवल विनायक न.पा. | अछाम | ५२०,००० |
| ४७ | बडिकेदार गा.पा. | डोटी | ४९५,००० |
| ४८ | दोगडाकेदार गा.पा. | बैतडी | ४९५,००० |
| ४९ | कैलारी गा.पा. | कैलाली | ४९५,००० |
| ५० | सिगास गा.पा | बैतडी | ४९०,००० |
| ५१ | बेलौरी न.पा. | कञ्चनपुर | ४८५,००० |
| ५२ | कमलबजार न.पा. | अछाम | ४८०,००० |
| ५३ | तुर्माखाँद गा.पा. | अछाम | ४६५,००० |
| ५४ | भागेश्वर गा.पा. | डडेल्धुरा | ४६५,००० |
| ५५ | सुर्नया गा.पा | बैतडी | ४६०,००० |
| ५६ | अजयमेरु गा.पा. | डडेल्धुरा | ४६०,००० |
| ५७ | खसडछान्ना गा.पा. | बझाङ | ४५०,००० |
| ५८ | चुरे गा.पा. | कैलाली | ४३०,००० |
| ५९ | मंगलसेन न.पा. | अछाम | ४१०,००० |
| ६० | जोरायल गा.पा. | डोटी | ३९५,००० |
| ६१ | रामारोशन गा.पा. | अछाम | ३९०,००० |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

०८८।५।२२

प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| ६२ | आलिताल गा.पा. | डडेल्धुरा | ३९०,००० |
| ६३ | विथ्थड चीर गा.पा | बझाङ | ३६०,००० |
| ६४ | बडिमालिका न.पा. | बाजुरा | ३६०,००० |
| ६५ | गौमुल गा.पा. | बाजुरा | ३५०,००० |
| ६६ | अपिहिमाल गा.पा | दार्चुला | ३४०,००० |
| ६७ | लालझाडी गा.पा. | कञ्चनपुर | ३३५,००० |
| ६८ | नौगाड गा.पा. | दार्चुला | ३२५,००० |
| ६९ | स्वामीकार्तिक खापर गा.पा. | बाजुरा | २८५,००० |
| ७० | मालिकार्जुन गा.पा. | दार्चुला | २६५,००० |
| ७१ | शैल्यशिखर न.पा. | दार्चुला | २६०,००० |
| ७२ | केदारस्यू गा.पा. | बझाङ | २३५,००० |
| ७३ | डिलाशैनी गा.पा. | बैतडी | २३५,००० |
| ७४ | लेकम गा.पा. | दार्चुला | २३०,००० |
| ७५ | हिमाली गा.पा. | बाजुरा | २१५,००० |
| ७६ | मार्मा गा.पा | दार्चुला | २१०,००० |
| ७७ | महाकाली न.पा. | दार्चुला | १९५,००० |
| ७८ | जगन्नाथ गा.पा | बाजुरा | १७०,००० |
| ७९ | मष्टा गा.पा. | बझाङ | १५५,००० |
| ८० | बुढिनन्दा न.पा. | बाजुरा | १५५,००० |
| ८१ | व्याँस गा.पा. | दार्चुला | १३५,००० |
| ८२ | जयपृथ्वी न.पा. | बझाङ | १३०,००० |
| ८३ | सुर्मा गा.पा. | बझाङ | १२५,००० |
| ८४ | छविसपाथिभेरा गा.पा. | बझाङ | १२०,००० |
| ८५ | दुर्गाथली गा.पा. | बझाङ | ११५,००० |
| ८६ | दुहुँ गा.पा. | दार्चुला | ९०,००० |
| ८७ | तलकोट गा.पा. | बझाङ | ८५,००० |
| ८८ | साइपाल गा.पा | बझाङ | ६०,००० |
| | जम्मा | | ६०,०२५,००० |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७८/१/२२

प्रमुख सचिव